सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

साब्लाखु, ताप्लेजुङ

१नं. प्रदेश, नेपाल


☎ अध्यक्ष – ९८०७९२८५५५
☎ उपाध्यक्ष - ९८५२६८११७१
☎ प्र.प्र.अ. – ९८५२६६०१५३


प.स. ०७७/०७८

च.नं. १३३८

मिति: २०७८/०२/०२

आदरणीय सिदिङ्वा बासि आमाबुवा, दाजुभाइ तथा दिदिबहिनीहरु

## बिषय: कोरोना प्रकोप रोकथाम तथा नियन्त्रण बारे।

प्रस्तुत विषयमा बिश्वब्यापीरुपमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट सहितको दोश्रो लहरको महामारीका कारण देशभरी नै संक्रमित व्यक्तिहरु तथा मृत्युहुने व्यक्तिहरुको संख्या दिन प्रति दिन बढदै गइरहेको र छिमेकी गाउँपालिकाहरुमा पनि संक्रमण दिनानुदिन बढिरहेको व्यहोरा अवगत नै छ। तसर्थ यस गाउँपालिकामा कोरोना महामारीको रोकथाम तथा नियन्त्रणको लागि देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध छ। र सम्पुर्ण स्वास्थ्यकर्मी, कर्मचारी, जनप्रतिनिधि, बुद्दिजिवी, शिक्षक तथा सरोकारवालाले आवश्यक प्रचार प्रसार तथा निगरानी गरी शंकास्पद व्यक्तिहरु देखा परेमा गाउँपालिकामा जानकारी गराउनुहुन अनुरोध छ।

**देहाय:**

१. यस गाउँपालिका अन्तर्गत रहेका बजारहरु बिहान ६-९ बजे सम्म र सांझ ३-६ बजे सम्म मात्र उच्च सावधानीका साथ संचालन गर्ने।

२. गाउँघरमा हुने बिभिन्न किसिमका भलिबल, फुटबल जस्ता खेलकुद जन्य गतिबिधि पुर्ण रुपमा बन्द गर्ने।

३. खाद्यान्न तथा अति आवश्यक बाहेक सबै प्रकारका यातायात सेवा र आवतजावतलाई बन्द गर्ने।

४. अनावश्यक हिडडुल नगर्ने, सामाजिक दुरि कायम गर्ने अतिआवश्यक काममा हिडडुल गर्नै पर्दा मास्क लगाएर मात्र हिड्ने।

५. विवाह, व्रतबन्ध, देवाली, पास्नी, जन्मोत्सव जस्ता सामाजिक, सांस्कृतिक क्रियाकलाप नगर्ने।

६. हाट, मेला, जात्रा लगायत भिडभाड हुने कार्य नगर्ने नगराउने।

७. अन्यत्र प्रभावित ठाँउबाट आउनु भएका नागरिकहरु, शंकास्पद व्यक्तिहरु, संक्रमित व्यक्तिहरु सँग संपर्कमा आएका नागरिकहरुले अनिवार्य रुपमा होम आइसोलेसनमा बस्नुपर्ने।

८. कोभिड १९ सँग सम्बन्धित नेपाल सरकार, प्रदेश सरकार, जिल्ला संकट व्यवस्थापन केन्द्र र यस गाउँपालिकाको आदेश निर्देशनहरु पालना गर्ने गराउने।

९. होम आइसोलेसनमा बस्दा वा कोभिड १९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तल उल्लेखित स्वास्थ्यकर्मी सँग परामर्श गर्नुहुन अनुरोध छ।

| वडा नं. | स्थान | स्वास्थ्य संस्थाको नाम | कर्मचारीको नाम/ थर | पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | कालिखोला | कालिखोला स्वास्थ्य चौकी | हिरालाल राजवंशी | हे.अ. | ९८४७८०५०८३ |
| २ | सादेवा | सादेवा स्वास्थ्य चौकी | प्रदिप कुमार शाह | अ.हे.व. | ९८१९०४२६७८ |
| ३ | आङ्खोप | आङ्खोप स्वास्थ्य चौकी | अनिल बुढाक्षेत्री | हे.अ. | ९८१६०७३६३९ |
| ४ | साब्लाखु | साब्लाखु स्वास्थ्य चौकी | सुन्दर भट्टराई | हे.अ. | ९८१७०२२५९८ |
| ५ | लिम्बुदिन | लिम्बुदिन स्वास्थ्य चौकी | राम बहादुर यादव | हे.अ. | ९८०८५५८९०६ |
| ६ | मेहेले | मेहेले स्वास्थ्य चौकी | मदन लिङदेन | हे.अ. | ९८४०७८१०७२ |
| ७ | सुरुम्खिम | सुरुम्खिम स्वास्थ्य चौकी | पवन बानियाँ | अ.हे.व. | ९८४०६५५९७९ |

१०. होम आइसोलेसनमा रहनुभएका संक्रमित व्यक्तिहरुलाई "होम आइसोलेसन किट" मार्फत प्रारम्भिक औषधि उपचारको व्यवस्था गरिनेछ। दिनमा एक पटक स्वास्थ्यकर्मीको परामर्श उपलब्ध गराइनेछ।

**माथि उल्लेखित निर्देशनहरु पालना नगरेको पाइएमा कानुन बमोजिम कारवाहीको प्रकृया अगाडि बढाइने छ।**

श्री सम्पुर्ण स्वास्थ्य चौकी इन्चार्ज ज्यूहरु,

तोकिएको कार्यक्षेत्र भित्रको कोभिड १९ सम्बन्धि गतिबिधि बारे प्रत्येक दिन साझ ७ बजे यस गाउँपालिकाको स्वास्थ्य शाखामा जानकारी गराउनु होला।

नर बहादुर

अध्यक्ष




Scanned with CamScanner